# त्रिभुवन विश्वविद्यालय
# चिकित्सा शास्त्र अध्ययन संस्थान
# वीरगंज नर्सिङ्ग क्याम्पस, वीरगंज

शिक्षक नियुक्तिको लागि कार्यविधि-२०७९,

# त्रिभुवन विश्वविद्यालय
# चिकित्सा शास्त्र अध्ययन संस्थान
# वीरगंज नर्सिङ्ग क्याम्पस, वीरगंज
# शिक्षक नियुक्तिको लागि कार्यविधि-२०७९,

## परिच्छेद-१

१. प्रारम्भिक

(क) संक्षिप्त नाम र प्रारम्भ :- यो कार्यविधिको नाम त्रि.वि.चि.शा.अ. संस्थान वीरगंज नर्सिङ्ग क्याम्पस, वीरगंज शिक्षक नियुक्तिको सिफारिस सम्बन्धी कार्यविधि २०७९ रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) "अंक" भन्नाले यस कार्यविधिमा उल्लेख भए बमोजिम प्रदान गरिने अंक सम्झनु पर्दछ।

(ख) "अध्यक्ष" भन्नाले त्रि.वि.चि.शा.अ.संस्थान वीरगंज नर्सिङ्ग क्याम्पसको शिक्षक पदपुर्ति समितिको अध्यक्ष सम्झनु पर्दछ।

(ग) "कार्यालय प्रमुख " भन्नाले त्रि.वि.चि.शा.अ.संस्थान वीरगंज नर्सिङ्ग क्याम्पसको प्रशासनिक जिम्मेवारी पाएको कर्मचारी सम्झनु पर्दछ।

(घ) "न्युनतम योग्यता" भन्नाले त्रि.वि. अन्तर्गतका शिक्षण सेवामा आवश्यकता अनुसारको पदमा आवेदन गर्न प्राज्ञिक परिषदवाट तोकिएको न्युनतम शैक्षीक योग्यता सम्झनु पर्दछ।

(ङ.) "प्रमुख" भन्नाले कार्यरत रहेको संगठन वा निकायको प्रमुख भन्नि तोकिएको अधिकारीलाई सम्झनु पर्दछ।

(च) "लिखित परिक्षा" भन्नाले यस क्याम्पसद्धारा लिइने प्रतियोगितात्मक लिखित परिक्षा सम्झनु पर्दछ।

(छ) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्दछ।

(ज) "चि.शा.अ.सं" भन्नाले चिकित्सा शास्त्र अध्ययन संस्थान सम्झनु पर्दछ।

(झ) "शिक्षक" भन्नाले विश्वविद्यालयका शिक्षक र यस क्याम्पसको लागि प्रतियोगितामा सम्मिलित हुन न्युनतम योग्यता पुगेका उम्मेदवार शिक्षकलाई समेत जनाउँदछ।

(ञ) "शिक्षण सेवा" भन्नाले त्रि.वि.शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० को नियम ३क बमोजिम शिक्षण सेवा सम्झनु पर्दछ।

(ट) "सदस्य"भन्नाले त्रि.वि.चि.शा.अ.सं वीरगंज नर्सिङ्ग क्याम्पस, वीरगंजको शिक्षक पदपुर्ती समितिको सदस्य सम्झनु पर्दछ।

## परिच्छेद-२

## विज्ञापन,आवेदन फाराम छानवीन र स्वीकृती

२.१ विज्ञापन सम्बन्धी व्यवस्था

(क) विभिन्न पद, संख्या र प्रतियोगिताको किसिम खुलाई गरेको विज्ञापन राष्ट्रिय स्तरको पत्र-पत्रिकामा प्रकाशित गर्ने छ। विज्ञापन गर्दा प्रत्येक पद र विषय अनुसारको छुट्टाँ-छुट्टै विज्ञापन नं. राखि प्रकाशित गरिनेछ।

(ख) विज्ञापन बमोजिम न्युनतम योगयता पुग्ने उम्मेदवारहरुले आवेदन फाराम साथै तोकिएको दस्तुर दाखिला गरी म्याद भित्र यस क्याम्पस/कार्यालयमा बुझाई सक्नु पर्नेछ।

(ग)यस क्याम्पसवाट भएको विज्ञापनमा आवेदन फाराम भर्न लाग्ने दस्तुर यस क्याम्पसको पदपुर्ती समितिले तोकिए बमोजिम हुनेछ।

(घ) यस क्याम्पसको पदपुर्ती समितिले प्रतियोगिताको लागि आवेदकहरुमध्येबाट योग्य उम्मेदवारको नामावली प्रतियोगिता हुने दिन भन्दा घटीमा ५ दिन अगाडी प्रकाशित गर्नेछ। साथै प्रतियोगिता हुने मिति र स्थान वारे प्रतियोगिता हुने दिन भन्दा कम्तीमा पनि ३ दिन अगाडी क्याम्पसको Website तथा Facebook Page मार्फत सूचना प्रकाशित गरिनेछ।

(ङ)यस क्याम्पस/कार्यालयमा दाखिला भइसकेका आवेदन फाराम,आवेदन दस्तुर र सम्बन्धित संलग्न कागजात फिर्ता गरिने छैन।

(च) पदपुर्तीको लागि विज्ञापन गर्दा आवेदन फारामको ढाँचा यस क्याम्पसको पदपुर्ती समितिले तोक्नेछ।

२.२ उम्मेदवारको उमेर, योग्यताको गणनाः

१. आवेदन फाराम बुझाउने व्यक्ति उम्मेदवार हुनको लागि विश्वविद्यालयको नियमानुसार पुग्नु पर्ने वा कायम रहनु पर्ने उमेर विज्ञापन प्रकाशित हुनु भन्दा अघिलो दिनसम्म पुगेको वा कायम रही उमेर हद ननाघेको हुनु पर्नेछ।

२.उम्मेदवारको उमेरको गणना गर्दा निजले दरखास्त फाराम साथ पेश गरेका शिक्षण संस्थाको प्रमाण पत्रमा तोकिएको जन्म मिति वा वर्ष, नागरिकताको

प्रमाण पत्रमा तोकिएको जन्म मिति वा वर्षबाट हुन आएको उमेर मध्ये जुन उमेरबाट निज पहिले जन्मिएको देखिन्छ सोही अनुसार निजको उमेरको गणना गरिनेछ।

३.विज्ञापन प्रकाशित भईसकेपछि प्राप्त हुने शैक्षिक योग्यता, अनुभव वा सो सेवा अवधि गणना गरिने छैन।

२.३ आवेदन फाराम उपर छानवीन गर्ने

१.क्याम्पस कार्यालयमा प्राप्त आवेदन फाराम विज्ञापनमा उल्लेख भए बमोजिम रित पुगे/नपुगेको छानवीन गर्नु पर्नेछ।

२.५.१ बमोजिम आवेदन फाराम उपर छानवीन गर्दा उम्मेदवारको आवेदन फाराम रित पूर्वकको देखिएमा सम्बन्धित उम्मेदवारलाई परिक्षा प्रवेश पत्र उपलब्ध गराउनु पर्नेछ।

३.५.१ बमोजिम आवेदन फाराम उपर छानवीन गर्दा म्यादभित्र प्राप्त नभएको वा न्युनतम योग्यता नपुगेको विज्ञापनमा उल्लेखित अन्य विवरण नखुलाएको नमिलेको परिक्षा दस्तुर नबुझाएको वा अन्य रित नपुगेको पाईएमा त्यस्तो आवेदन फाराम उपर कुनै कारवाही गरिने छैन।

४.कुनै उम्मेदवारको फाराम सर्त राखी स्वीकृत गरिने छैन।

५.५.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि परिक्षा प्रवेश पत्र जारी भएपछी कुनै उम्मेदवारको आवेदन फाराम रितपुर्वकको नदेखिएमा त्यस्तो आवेदन फाराम जुनसुकै अवस्थामा पनि रद्द गर्न सकिनेछ।

परिक्षा प्रवेश पत्र सम्बन्धि व्यवस्था

१. परिक्षा प्रवेश पत्रको दाँया यस क्याम्पसको पदपुर्ती समितिले निर्धारण गरे बमोजिम हुनेछ।
२. उम्मेदवारले प्रवेश पत्रमा भएका शर्तहरु पालना गर्नु पर्नेछ र त्यस्तो शर्तहरुको पालना नगर्ने उम्मेदवारलाई पदपुर्ती समितिले उपयुक्त उपयुक्त ठहृयाएको कारवाही गर्न सक्नेछ।
३. यस क्याम्पसको पदपुर्ती समितिले प्रदान गरेको परिक्षा प्रवेश पत्र हराएमा वा नासिएमा सम्बन्धित व्यक्तिको आधारमा पदपुर्ती समितिले तोकेको दस्तुर लिई परिक्षा प्रवेश पत्रको प्रतिलिपी उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-३
## उम्मेदवारको लागि योग्यता

खुल्ला प्रतियोगिताको लागि योग्यता :-

(क) त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा द्धितिय श्रेणीमा स्नातकोतर तह उपाधि प्राप्त गरेको।

(ख) Nepal Nursing Council मा दर्ता भएको अनुमति/दर्ता प्रमाणपत्र संलग्न गर्नु पर्नेछ।

## परिच्छेद-४
## शिक्षण सेवामा खुल्ला प्रतियोगिताको सिफारिशका आधार

खुल्ला प्रतियोगिता अन्तर्गत शिक्षण सहायक पदमा नियुक्तिको सिफारिशका लागि निर्धारित पूर्णाक देहाय बमोजिम हुनेछ।

| सि.नं. | सिफारिशका आधार | कुल प्राप्ताङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता | १० |
| २ | अनुसन्धान तथा कृति प्रकाशन | १० |
| ३ | शिक्षण सेवा अनुभव | ०५ |
| ४ | लिखित परिक्षा | १०० |
| ५ | प्रयोगात्मक परिक्षा | ६० |
| ६ | अन्तरवार्ता | १५ |
| | **जम्मा अंक** | २०० |

## शैक्षिक योग्यताको अंक विभाजन
## शिक्षण सहायक पदका लागि

| शैक्षिक योग्यता | विशिष्ट श्रेणी CGPA:A वा सो सरह (A/A) | प्रथम CGPA:B श्रेणी वा सो सरह (B/B+) | द्वितीय श्रेणी CGPA: C वा सो सरह (C) |
|---|---|---|---|
| प्रविणता प्र.प.तह | १.० | ०५ | ०५ |
| स्नातक | ३.० | २.५ | २.० |
| स्नातकोत्तर | ५.० | ४ | ३.५ |
| विध्यावारिधी | १.० | | |

(क). श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्वितीय श्रेणीको अंक दिइने छ ।

(ख) भिन्न विषयको समानतहको एक भन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको भए पनि आवेदित पदसंग सम्बन्धित एक शैक्षिक सम्बन्धित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अंक दिइने छ ।

(ग) त्रि.वि. बाहेक अन्य विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक उउपाधि (श्रेणी वा ग्रेड संकेत खुलेको) सम्बन्धमा विश्वविद्यालयबाट मान्यता प्राप्त भएको स्तर निर्धारण गरेको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ। अन्यथा आवेदक फारम स्वीकार गरिने छैन ।

(घ) विज्ञापन प्रकाशित हुनु भन्दा पहिलेको मितिसम्म पूरा नभएका तथा आवेदन फाराममा उल्लेख नभएका शैक्षिक योग्यताको अंक दिइने छैन ।

**अनुसंधान तथा कृति प्रकाशनको अंक विभाजन**
**शिक्षण सहायक (अनुसन्धान ग्रन्थ /सन्दर्भ ग्रन्थ)**

| क्र.सं. | शीर्षक | शिक्षण सहायक/वा सो सरह |
|---|---|---|
| १ | जर्नलमा प्रकाशित सम्बन्धित विषयको अनुसन्धानात्मक लेख | ५.० |
| २ | सम्बन्धित विषयको अनुसन्धान ग्रन्थ/ सन्दर्भ ग्रन्थ | ३.० |
| ३ | सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदन | २.० |

## परिच्छेद ५

## लिखित/ प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन

१. उम्मेदवारहरुले प्राप्त गरेको बढी प्राप्तांकको आधारमा योग्यताक्रम सूची निर्धारण गरी अन्तर्वार्ताका लागि लिखित/प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशित गरिनेछ । योग्य उम्मेदवारहरुको नामावली प्रकाशित गर्दा रिक्त मांग पद संख्या पचास प्रतिशत थप गरी प्रकाशित गरिनेछ । मांग संख्या एक भएमा ३ जना सम्मको नाम प्रकाशित गर्न सकिनेछ । लिखित परीक्षाको पूर्णाङ्क ५० प्रतिशत हुनेछ ।

२. अन्तर्वार्ताका लागि लिखित परीक्षा/प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशित गर्ने क्रममा योग्यताक्रममा रहेका उम्मेदवारहरु मध्येबाट यसै परिच्छेदको १ मा व्यवस्था भए बमोजिम संख्यामा उम्मेदवार छनौट गर्दा योग्यता क्रममा परेको अन्तिम प्राप्तांक एक भन्दा बढी उम्मेदवारको समान रहेछ भने १ मा जुनसुकै कुरा लेखिएको भए तापनि योग्यताक्रममा परेका अन्तिम प्राप्तांक समान भएका सबै उम्मेदवारहरुलाई नतिजामा समावेश गराइने छ ।

३. लिखित परीक्षा र उत्तरपुस्तिका मूल्यांकंन सम्बन्धि व्यवस्था

(क) यस क्याम्पस/ कार्यालयबाट लिइने प्रतियोगितात्मक लिखित परीक्षा यस क्याम्पसको पदपूर्ति समितिले निर्धारण गरेको मिति, समय र स्थानमा हुनेछ ।

(ख) त्रि.वि. शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० को नियम ९६ मा व्यवस्था भए अनुसार लिखित परीक्षाको पाठ्यक्रम तोक्ने अधिकार त्रि.वि. सेवा आयोगको प्रक्रिया भित्र रही यस वीरगंज नर्सिङ क्याम्पस वीरगंज पदपूर्ति समितिलाई हुनेछ ।

(ग) लिखित परीक्षाको सबै उत्तरपुस्तिकाहरु मूल्यांकनमा पठाउनुपूर्व दोहोरो संकेत पद्धति (Double Coding System) अवलम्वन गरिनेछ । कोडिङ्ग पछि सबै अर्धकट्टीहरु खाममा शिलवन्दी गरी कोडिङ्ग कार्यमा संलग्न सबैको हस्ताक्षर गराई उनीहरुकै रोहवरमा मात्र खोलीने गरी सुरक्षित राखिनेछ ।

(घ) लिखित परीक्षामा प्रत्येक पत्रमा ५० प्रतिशत अंक प्राप्त गरेका उम्मेदवारहरु मात्र योग्यता क्रम सूचीमा पर्नेछन । साथै प्रतियोगी संख्याको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ ।

## परिच्छेद ६
## अर्न्तवार्ता सम्बन्धी व्यवस्था

अन्तर्वार्ता :

१. यस क्याम्पस/कार्यालयको विज्ञापन बमोजिमको पदको लागि अन्तर्वार्ता अनिवार्य हुने छ ।

२. अन्तर्वार्ता सम्बन्धी सूचना प्रतियोगिता हुने दिन भन्दा कम्तीमा ५ दिन अगाडी क्याम्पसको Website तथा Facebook मा प्रकाशित गरिनेछ ।

३. शिक्षण सहायक वा सो सरह पदको अर्न्तवार्तामा क्याम्पसमा गठित पदपूर्ति समितिका अध्यक्ष, १ जना सदस्य र न्यूनतम १ जना विशेषज्ञ नभई अर्न्तवार्ता गरिने
छैन ।

**<u>विशेषज्ञ सम्बन्धी व्यवस्था</u>**

१. यस क्याम्पस/ कार्यालयको पदपूर्ति समितिले विशेषज्ञ तोक्ने छ । विशेषज्ञ छनौट गर्दा पाइएसम्म सम्बन्धित क्षेत्रका वरिष्टतम व्यक्तिहरुलाई छनौट गरिनेछ । सो अनुसारको सम्बन्धित विषयको विज्ञ उपलब्ध हुन नसकेको अवस्थामा यस क्याम्पसमा गठित पदपूर्ति समितिले निर्णय गरी एक जनासम्म विज्ञ निकटम विषयको विज्ञलाई तोक्न सक्ने छ ।

२. अन्तर्वार्तामा बस्ने अध्यक्ष, सदस्य तथा विशेषज्ञहरुको नाता पर्ने व्यक्ति वा पदाधिकारी सो पदको कुनै पनि दिनको अन्तर्वार्तामा विशेषज्ञको रुपमा नियुक्त हुन सक्दैन ।

३. प्रत्येक अन्तर्वार्ताकर्तालाई अन्तर्वार्ता हुने पदको उम्मेदवारको व्यक्तिगत विवरण १/१ प्रति अनिवार्य रुपले उपलब्ध गराउनु पर्नेछ ।

४. पदपूर्ति समितिका अध्यक्ष, सदस्यहरु वा विशेषज्ञले उम्मेदवारलाई अन्तर्वार्ताको पूर्णाङ्कको ७० प्रतिशत भन्दा बढी वा ४० प्रतिशत भन्दा घटी अंक दिनु परेमा सो को कारण खुलाउनु पर्नेछ । कारण नखुलाई अधिकतम भन्दा बढी वा न्यूनतम भन्दा घटी अंक दिएमा बढीमा ७० प्रतिशत र घटीमा ४० प्रतिशत नै अंक दिएको मानी गणना गरिनेछ । साथै कारण खोलेर ७० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम अंक दिएको अवस्थामा पनि पदपूर्ति समितिका अध्यक्ष, सदस्य तथा विशेषज्ञ गरी अन्तर्वार्ता समितिका ५० प्रतिशत भन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अंक प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ ।

५. कुनै उम्मेदवारको अन्तर्वार्ताको प्राप्तांक अन्तर्वार्ताको पूर्णाङ्कको ४० प्रतिशत भन्दा कम भएमा उक्त उम्मेदवारको सिफारिश गरिने छैन ।

६. पदपूर्ति समितिका अध्यक्ष र सदस्यले दिएको अंकको औसत र विशेषज्ञहरुले दिएको अंकको औसत जोडी प्राप्त हुन आएको अंकको जोड कुल देखाएको अन्तर्वार्ताको प्राप्तांक हुनेछ ।

**अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्था**

१. अन्तर्वार्ता हुने दिन पदपूर्ति समितिले खटाएको कर्मचारीले उम्मेदवारबाट पेश भएको प्रमाणित कागजातहरुको संलगन प्रति संग भिडाउने र प्रवेश पत्र जाँच गरी हाजिरी समेत गराउनु पर्नेछ ।

२. विश्वविद्यालय सेवामा प्रवेश पाउने उद्देश्यले शैक्षिक योग्यता, कृति, उमेर, नागरिकता अनुभव आदि ढाटेको देखिएमा त्यस्तो उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन र निजको आवेदन फारम रदद् गरिनेछ ।

## परिच्छेद ७
## सिफारिस सम्बन्धी व्यवस्था

**अन्तिम नतिजा प्रकाशन गर्ने**

१. उम्मेदवारको छनौट सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि यस क्याम्पस/कार्यालयको पदपूर्ति समितिले सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको रो.नं. नाम, थर, ठेगाना आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ । सफल भएका उम्मेदवारहरु मध्ये सबै उम्मेदवारले प्राप्त गरेको कूल अंक प्रकाशित गर्नु पर्नेछ ।

(१) बमोजिम प्रतियोगिताको नतिजा प्रकाशन गर्दा उम्मेदवारहरुको कूल प्राप्तांक बराबर भएमा देहायका आधारमा योग्यताक्रम कायम गरिनेछ ।

(क) लिखित परीक्षा हुनेमा लिखित परीक्षाको प्राप्तांकको आधारमा

(ख) लिखित परीक्षा बराबर भएमा प्रतियोगात्मक परीक्षाको प्राप्तांकको आधारमा र प्रतियोगात्मक परीक्षामा समेत बराबर भएमा अन्तर्वार्तामा विशेषज्ञ समूहबाट प्रदान गरको बढी अंकको आधारमा, सो बाट पनि नछुटीएकोमा शैक्षिक योग्यताको आधार एवम सोबाट पनि नछुटीएकोमा उमेर जेष्ठताको आधारमा गरिनेछ ।

(ग) प्रतियोगिताद्वारा नियुक्तिका लागि क्याम्पस/कार्यालय पदपूर्ति समितिबाट गरिएको सिफारिश उपर चित नबुझेमा विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम बमोजिम यस पदपूर्ति समितिले सिफारिस गरेको मितिले ५ दिन भित्र त्रि.वि. पूनरावेदन आयोग समक्ष उजुरी गर्न सकिनेछ ।

**परीक्षाको मर्यादा कायम गर्नेः** प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारहरु झुठा विवरण दिएमा वा लिखित/प्रयोगात्मक परीक्षामा कुनै किसिमको अनियमितता वा अन्तर्वार्तालाई प्रभावित पार्ने गरी कुनै अनियमित कार्य वा मर्यादा भंग गरेमा यस क्याम्पसको पदपूर्ति समितिले त्यस्तो उम्मेदवारहरुलाई निजको कसुर हेरी कुनै पनि प्रतियोगितामा कुनै खास अवधिका लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्नेछ ।

**सिफारिश रद्द हुने अवस्था**

१. प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने, झुठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वतः रद्द हुनेछ ।

२. उम्मेदवारको मूल्यांकन तालिकामा कुनै भूलचूक भई सिफारिस वा नियुक्ति समेत भइसकेको कुनै उम्मेदवार सिफारिस वा नियुक्ति हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा पदपूर्ति समितिले त्यस्ता उम्मेदवारको सिफारिस बदर गर्न सक्ने छ ।

३. पदपूर्ति समितिले लिएको परीक्षामा प्रश्न पत्र निर्माण, छपाई, उत्तरपुस्तिका परीक्षण वा अन्तर्वार्ता सम्बन्धी काममा संलग्न भएको विशेषज्ञ शिक्षको नजिक भएको नातेदार परीक्षामा उम्मेदवार भई सफल भएको प्रमाणित भएमा निजको परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द हुनेछ । यदि त्यस्ता उम्मेदवार नियुक्त पाई सकेको भएतापनि सो नियुक्ति पत्र समेत रद्द हुनेछ ।

**बैकल्पिक उम्मेदवारको व्यवस्था**

१. कुनै पदको लागि प्रतियोगितात्मक परीक्षा अनुसार सिफारिसमा कुनै उम्मेदवारको योग्यताक्रम सूची प्रकाशित गर्दा विज्ञापनमा उल्लेखित पद संख्याको आधारमा २५ प्रतिशत वैकल्पिक सूचीमा राख्नुपर्नेछ तर उल्लेखित पद ८ जना भन्दा कम भएमा २ जना उम्मेदवारको नाम वैकल्पिक सूचीमा राख्नुपर्नेछ ।

२. वैकल्पिक सूचीबाट देहायको अवस्थामा नियुक्तिका लागि योग्यता क्रमानुसार सिफारिस गरिनेछ ।

   (क) सिफारिस उम्मेदवारको नियुक्तको सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र नियुक्ति पत्र नलिएमा वा नियुक्ति पत्र बुझेर पनि १५ दिन सम्म क्याम्पस/ कार्यालयमा हाजिर हुन नआएमा ।

   (ख) नियुक्तिका लागि सिफारिस भएका उम्मेदवार क्याम्पस/कार्यालयमा आफै उपस्थित भई नियुक्ति नलिने व्यहोराको निवेदन पेश गरी सनाखत गरेमा बैकल्पिक उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्न सकिनेछ ।

## परिच्छेद ८

## नियुक्तिको व्यवस्था /नियुक्ति गर्ने प्रक्रिया

पदपूर्ति समितिको सिफारिसमा क्याम्पस प्रमुखबाट नियुक्ति गरिनेछ । साथै सम्बन्धित उम्मेदवारले म्याद भित्र नियुक्ति पत्र नबुझि क्याम्पसमा हाजिर नभएमा वा नियुक्ति पत्र नबुझेका उपर्युक्त सिफारिसमा परेको बैकिल्पक उम्मेदवारलाई योग्यताक्रम अनुसार नियुक्त गर्न सकिनेछ । र सो हाजिर भए

पश्चात क्याम्पस/कार्यालयबाट उक्त गरिएको नियुक्तीको स्वीकृति तथा समर्थनका लागि त्रि.वि. रजिष्ट्रारको कार्यालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद ९

## विविध

**खारेजी र बचाऊ :-** यस क्याम्पस/ कार्यालयको शिक्षक पदको नियुक्तिका आधार एवम् सिफारिस सम्बन्धी अधिकार कार्यविधि खारेज गरिएको छ । सो बमोजिम गरिएका कार्यहरु यसै बमोजिम भए गरेको मानिनेछ ।

**व्याख्या र बाधा अडकाउ फुकाउने व्यवस्था**
यस कार्यविधि २०७९ को व्याख्या र बाधा अडकाऊ फुकाउने अधिकार त्रि.वि.,चि.शा.अ.सं. डीनको कार्यालय महाराजगञ्ज, काठमाण्डौलाई हुनेछ ।